# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।३० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

मालपोत कार्यालयहरू ललितपुर, कलंकी, भक्तपुरसमेतमा सेवाग्राही तथा सेवाप्रदायकबीचमा रिसवत लेनदेन हुने गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय कलंकीका खरिदार रामहरि सुवेदीले सेवाग्राही कृष्ण प्रसाद घिमिरेसँग छिटोछरितो रूपमा काम गर्ने प्रयोजनार्थ रू१,०००।—(एक हजार) घुस रिसवत लिएको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज आरोपी मालपोत कार्यालय कलंकीका खरिदार रामहरि सुवेदीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको स्पष्ट देखिएको हुँदा निजलाई विगो रू.१,०००।—(एक हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन साथै दफा ३ को उपदफा (१) वमोजिम विगो असुल हुन मागदावी लिइएको ।

साथै निज कृष्णप्रसाद घिमिरेले आफ्नो काम गराउनको लागि खरिदार रामहरि सुवेदीलाई रू.१,०००।— (एक हजार) घुस रिसवत दिएको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिम कसुर गरेको स्पष्ट देखिएको हुँदा निजलाई विगो रू.१,०००।—(एक हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**